news 24 दैनिक

वर्ष १३ अंक ०२ राष्ट्रिय दैनिक | २१ साउन २०८२, बुधबार साउन शुक्ल द्वादशी | नेपाल संवत् ११४५ | Wednesday 6 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ



**स्थानीय सरकारलाई खबरदारी** : काठमाडौंको वसन्तपुरमा मंगलबार सडकपेटीलाई कंक्रिटको बनाउन रोक्नुपर्ने माग गर्दै प्रदर्शन गरिरहेका स्थानीयबासीसँग कुरा गर्दै महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोल । महानगरले सम्पदा क्षेत्रका सडक पूर्वाधार बनाउँदा जमिनमुनि पानी पुनर्भरण हुनेगरि बनाउने भन्दै सडकपेटी भत्काएको थियो । अहिले आफैं सिमेन्ट हालेर संरचना कंक्रिटको बनाउन थालेपछि स्थानीयले विरोध गरेका हुन् । *तस्बिर : सफल प्रकाश श्रेष्ठ/ नेपाल फोटो लाइब्रेरी*

### कुलिङ पिरियड विवाद

# छानबिन समितिले गरेन दोषी प्रष्ट किटान

news 24

**काठमाडौं, साउन २०**

संघीय निजामती सेवा विधेयकमा 'कुलिङ अफ पिरियड' हट्ने गरी भाषा गरिएको अलखेलमा छानबिन समिति आफैं अलमलमा देखिएको छ। सांसदहरूको लापर्बाही र कर्मचारीहरूको स्वार्थको द्वन्द्वका कारण विधेयकमा गम्भीर त्रुटि भएको औंल्याइए पनि प्रतिवेदन कसुरवार सांसदलाई जोगाउने नियतले तयार पारिएको खुलेको छ। प्रतिनिधिसभाबाट पारित भइसकेको विधेयकमा आफू अनुकूलको शब्द थप्नु गम्भीर त्रुटि भएको भन्दै सुझावमै केन्द्रित प्रतिवेदन मंगलबार सार्वजनिक गरिएको हो ।

संसदीय छानबिन विशेष समिति करिब एक महिनाको अध्ययनले विधेयकमा यस्तो 'गम्भीर त्रुटि' कसले गऱ्यो भन्ने प्रतिवेदनमा किटान छैन । सांसदहरूले विधेयकलाई राम्रोसँग अध्ययन, छलफल नगर्दा पनि पारित गर्दा भाषिक गडबडी भएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

संघीय निजामती सेवा विधेयक २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको प्रतिवेदन मंगलबारको प्रतिनिधिसभामा पेस गरिएको थियो । छानबिन समितिका सभापति जीवन परियारले करिब एक महिनासम्म समितिले ३७ वटा बैठक बसेर प्रतिवेदनलाई सर्वसम्मत बनाउन सफल भएको दाबी गरेका छन् ।

संलग्न राजनीतिक व्यक्तिलाई राजनीतिक र नैतिक तथा कर्मचारीको पदीय र कानूनी जिम्मेवारी हुने हुँदा सोहीबमोजिमको कार्यसम्पादनमा कमजोरी भएको छानबिन समितिले उल्लेख गरेको छ । राज्यव्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाको समन्वयकारी भूमिकामा कमी भएको औंल्याइएको छ। साथसाथै समितिका सचिव सुरजकुमार दुराले उपसमिति र समितिको बैठकमा प्रारम्भदेखि नै रहेको र प्रतिवेदन लेख्नेसमेत भूमिका देखिँदा जिम्मेवारी पूरा गरेको भन्न नसकिएको घुमाउरो भाषा प्रतिवेदनमा राखिएको छ।

प्रतिवेदनले 'कुलिङ अफ पिरियड' को प्रावधान हट्ने गरी भाषा राखिनुलाई गम्भीर त्रुटि भनेको हो । प्रतिवेदनले कसैलाई पनि कारवाहीको भागीदार किटान गरेको छैन । आगामी दिनमा यस्ता खालका विधेयकका बारेमा थप कमजोरी हुन नदिन सुझाइएको छ। विधायिकी प्रक्रियामा स्वार्थको द्वन्द्व हुन नदिन स्पष्ट कानूनी व्यवस्था गरी कार्यान्वयनमा जोड दिन प्रतिवेदनले इंगित गरेको छ।

बाँकी पृष्ठ २ मा...

### 'हामी लागेकै हो'



एकनारायण अर्याल
मुख्यसचिव

*कुलिङ अफ पिरियड राख्नु हुँदैन भनेर हामी लागेकै हो। अझै त्यही माग छ । यो विधेयक ऐन नबनेसम्म राख्नु हुँदैन भनेर लागिरहन्छु । प्रधानमन्त्री, नेपाली कांग्रेसका सभापति र पुष्पकमल दाहालसमेत समक्ष कुलिङ अफ पिरियड राख्नु हुँदैन भन्ने माग राखेकै हो। समितिबाट विधेयक पारित भएपछि सभामुखज्यूसँग कुलिङ पिरियड राख्नु हुँदैन भन्न गएकै हो । देउसीभैलो गर्न नभई पदीय हैसियतले आफ्नो कुरा राखेको हो। त्रुटि सच्याउनुपर्छ। कर्मचारीहरूप्रति विश्वास नगरी विश्वासको खडेरीले समस्या आएको हो।*

### टाढा जानै पर्दैन



राजेन्द्रप्रसाद पाण्डे
सदस्य, राज्य व्यवस्था तथा सुशासन समिति

*'यो विषयमा दोषी को हो भनेर धेरै टाढा जानु पर्दैन । सचिव सुरजकुमार दुरा, कानून मन्त्रालयको सहसचिव सुभाषकुमार भट्टराई, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहसचिव मीरा आचार्य तीनजना हो अरू कोही हुँदै होइन ।'*

## भृकुटीमण्डपमा सवारी मेला

काठमाडौं (संवाददाता)- नाइमाद्वारा आयोजित सवारी मेला बुधबारदेखि भृकुटी मण्डपमा सुरु हुँदैछ। पाँच दिनसम्म चल्ने मेलामा विद्युतीय सवारीका ३५ नयाँ मोडल सार्वजनिक गरिँदैछ। ५० भन्दा बढी ब्राण्डको सहभागिता रहेको एक्स्पोमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूको पनि सहभागिता पनि रहन आयोजक संस्थाले जनाएको छ। *(विस्तृत समाचार पृष्ठ ६ मा)*

## यो अंकमा



**सुक्खा र खडेरीको दिगो समाधान**
तराईको मात्रै होइन पहाडमा पनि समस्या चर्कें छ। पहाडमा मूल सक्यो भन्न थालिएको दशौं वर्ष भइसक्यो।
*मधुकर उपाध्याको विचार (पृष्ठ ४ मा)*

**हल्लाकै भरमा सांसदले उठाए बहुविवाहमाथि प्रश्न** ...... पृष्ठ २
**सरकार आपूर्ति व्यवस्थापनमा चुक्दा जापानमा चामलको मूल्यवृद्धि** ...... पृष्ठ ५
**प्रदर्शनीका लागि नेपाल आउँदैछ उड्ने कार** ...... पृष्ठ ७

## 'भूपरिवेष्ठितबाट भूजडित'



काठमाडौं (संवाददाता)- तुर्कमेनिस्तानको आवाजामा जारी भूपरिवेष्ठित विकासशील राष्ट्र (एलएलडिसी) सम्मेलनमा प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाललाई भूपरिवेष्ठितबाट भूजडित राष्ट्रमा रूपान्तरण गर्ने दृढ संकल्प व्यक्त गरेका छन्। प्लेनरी सत्रमा सम्बोधन गर्दै उनले पूर्वाधार विकास, डिजिटल अर्थतन्त्र र जलवायु अनुकूलनमार्फत समृद्धि हासिल गर्न पनि सबै भूपरिवेष्ठित मुलुकहरूलाई आह्वान गरेका छन्।

प्रधानमन्त्री ओलीले भारत र चीनसँग सहकार्य गर्दै नेपालले पारवहनमा निर्भरता हटाएर व्यापार प्रतिस्पर्धी राष्ट्र बन्ने विश्वास व्यक्त गरेका छन्। उनले बलियो नीति, समन्वय, र समावेशी आर्थिक विकासमार्फत साझा अवसर सिर्जना गर्न जोड दिए।

'नेपाल केवल लाभग्राही होइन, परिवर्तनको साझेदार बन्न तयार छ,' उनले भने। प्रधानमन्त्रीले 'आवाजा कार्यढाँचा' लाई समर्थन गर्दै 'समृद्ध नेपाल, सुखी नेपाली' अभियानसँग जोड्ने प्रतिबद्धता पनि जनाएका छन्।

### उत्तराखण्डमा भीषण बाढी

# ३४ सेकेन्डमै बग्यो खीरगंगा गाउँ, ५० भन्दा बढी बेपत्ता

**एजेन्सी, साउन २०**

भारतको उत्तराखण्ड राज्यको उत्तरकाशी जिल्लामा मंगलबार दिउँसो बाढीको विनाशकारी घटना भएको छ। हर्षिल क्षेत्र अन्तर्गतको खीरगंगा खोंचमा अचानक पानीको सतह बढेपछि धराली गाउँमा भीषण बाढीपहिरो गएको हो।

स्थानीय प्रशासनलाई उद्धृत गर्दै सञ्चारमाध्यमहरुले जनाएअनुसार घटना दिउँसो १:४५ बजे भएको हो। सामाजिक सञ्जालमा सार्वजनिक भएका भिडियोहरूमा खीरगंगा गाउँको अधिकांश भाग ३४ सेकेन्डमै बगाएको छ। बाढीले धराली बजार, होटलहरू, पसलहरू र धार्मिक स्थलहरू समेत पूर्णरूपमा तहसनहस बनाएको छ।



उत्तरकाशीका जिल्ला अधिकारी प्रशान्त आर्यका अनुसार, हालसम्म ४ जनाको मृत्यु पुष्टि भइसकेको छ भने ५० भन्दा बढी मानिस बेपत्ता भएका छन्। कैयौं मानिस मलबामुनि पुरिएको आशंका गरिएको छ। एसडीआरएफ, एनडीआरएफ र भारतीय सेना घटनास्थलमा पुगेर राहत तथा उद्धार कार्यमा खटिएका छन्।

धराली गाउँ राजधानी देहरादूनबाट दुई १८ किलोमिटर र गंगोत्री धामबाट १० किलोमिटर दूरीमा पर्छ। बाढीपछि गाउँमा त्रासको वातावरण कायम छ। स्थानीयहरू बाँच्नका लागि चिच्याउँदै भागेका दृश्यहरू भिडियोहरूमा देखिएको छ। घटनाको प्रत्यक्षदर्शी स्थानीयबासीले आफ्नै आँखाले होटलहरू बगिरहेको देखेको बताएका छन्। सामाजिक सञ्जालमा पोस्ट भएका भिडियो र तस्वीरमा घर र मानिसहरुलाई लेदोसहितको बाढीले बगाएको देखिन्छ। तीन-चार तले ठूला होटल र घरहरूलाई बाढीले माथिल्लो छानोसम्म पुरेको छ। त्यहाँ रहेको कल्पकेदार मन्दिर पनि बगिसकेको छ। बाढीबाट ठूलो जनधनको क्षति भएको छ। घटना हुनुअघि कुनै पूर्वसूचना, चेतावनी वा अलर्ट जारी गरिएको थिएन। विद्यालयहरु पनि चालु थिए। पर्यटन, व्यापार र धर्मिक संरचना सबै धराशायी भएको स्थानीयले बताएका छन्। बाढी-पहिरोका कारण भएको मानवीय तथा भौतिक क्षतिप्रति भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहले दुःख व्यक्त गरेका छन्।

मोदीले सामाजिक सञ्जाल एक्समा घटनामा दिवंगतप्रति समवेदना व्यक्त गर्दै दुःख लागेको जनाएका छन्। राज्य सरकारको निगरानीमा राहत र उद्धार कार्य तीव्र गतिमा भइरहेको उनले उल्लेख गरेका छन्।



हार्दिक बधाई
तथा
शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
न्युज 24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा
पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण
सफलताको हार्दिक बधाई तथा
शुभकामना व्यक्त गर्दछौं ।

Santosh karki
Himalayan Footbal Club, Malaysia

हार्दिक बधाई
तथा
शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
न्युज 24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा
पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण
सफलताको हार्दिक बधाई तथा
शुभकामना व्यक्त गर्दछौं ।

Santoah Bhatta
(Himalaya Acadamy), Malaysia

हार्दिक बधाई
तथा
शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
न्युज 24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा
पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण
सफलताको हार्दिक बधाई तथा
शुभकामना व्यक्त गर्दछौं ।

Sher Bahadur Gurung
dun & bradstreet
TRADE WHARF INTERNATIONAL
SDN. BHD. - Dun & Bradstreet

हार्दिक बधाई
तथा
शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
न्युज 24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा
पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण
सफलताको हार्दिक बधाई तथा
शुभकामना व्यक्त गर्दछौं ।

Hari Chhetri
(Global Recruitment Overseas Pvt Ltd)

हार्दिक बधाई
तथा
शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
न्युज 24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा
पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण
सफलताको हार्दिक बधाई तथा
शुभकामना व्यक्त गर्दछौं ।

Baldhoj Limbu
ctos Knowledge Creates Confidence
TRADE WHARF INTERNATIONAL
SDN BHD MALAYSIA

हार्दिक बधाई
तथा
शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
न्युज 24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा
पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण
सफलताको हार्दिक बधाई तथा
शुभकामना व्यक्त गर्दछौं ।

Chundevi Kathmandu Nepal

# सञ्चार माध्यम दर्ता नवीकरण अब जिल्ला प्रशासनमा

news 24

**काठमाडौं, साउन २०**

सूचना तथा प्रसारण विभागले अनलाइन सञ्चारमाध्यम दर्ता र नवीकरण स्थगित गरेको छ। विभागले सूचना जारी गर्दै विभागबाट दर्ता तथा नवीकरणको कार्य रोकिएको जानकारी गराएको हो।

सरकारले केही नेपाल ऐन संशोधनमार्फत गरेको छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को व्यवस्थाअनुसार जिल्ला प्रशासन कार्यालयबाट अनलाइन दर्ता हुने व्यवस्था रहेको विभागले जनाएको छ।

विभागले यसअघि अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ बमोजिम हुँदै आएको अनलाइन सञ्चारमाध्यम (अनलाइन पत्रिका) दर्ता तथा नवीकरणको कार्य नयाँ कानुनी व्यवस्थासँग मिलाउन आवश्यक भएको भन्दै अहिलेलाई स्थगित गरिएको जनाएको हो।

छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ मा थपिएको दफा ७ (ख) बमोजिम अनलाइन सञ्चारमाध्यम दर्ता अनिवार्य हुने व्यवस्था गरिएको छ। उक्त दफाअनुसार अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न इच्छुक व्यक्तिले तोकिएको दस्तुरसहित स्थानीय अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ। यसले अब अनलाइन पत्रिकाको दर्ता प्रक्रिया जिल्ला प्रकाशन कार्यालयमार्फत हुनेछ। यस्तो दर्ता अनिवार्य र कानूनी जिम्मेवारीका रुपमा रहने मंगलबार जारी सूचनामा उल्लेख छ।

## छानबिन समितिले...

'प्रतिवेदन सभापतिको हस्ताक्षरबाट सभामा पेस भएको देखिँदा कानूनतः हस्ताक्षरकर्ताको हैसियतले मस्यौदामा देखिएको गम्भीर त्रुटिका सम्बन्धमा समितिको मुख्य जिम्मेवारीमा रहेको सभापतिले उत्तरदायीपूर्ण भूमिका वहन गरेको देखिएन,' प्रतिवेदनमा भनिएको छ, 'राज्य व्यवस्था तथा सुशासन समितिका सचिव सुरजकुमार दुरा सचिवको हैसियतले उपसमिति र समितिको बैठकमा प्रारम्भदेखि नै रहेको र प्रतिवेदन लेख्ने समेत भूमिका रहेको देखिँदा परिभाषित जिम्मेवारी पूरा गरेको भन्न सकिएन।'

कतिपय सांसदले कर्मचारीले सच्याएको भनेका छन् भने कतिपयले समितिका सभापति जिम्मेवार हुनुपर्ने आफ्नो धारणा राखेका छन्। मूल विधेयक र समितिको प्रतिवेदन एकीकृत रूपमा मिलाएर हेर्ने र अध्ययन गर्ने अभ्यास नहुँदा त्रुटि भएको औंल्याइएको छ। विधेयकमाथिको दफावार छलफलमा सम्बन्धित मन्त्रालयका निश्चित तहका पदाधिकारीलाई मात्र समितिमा पहुँच दिनेगरी र विधेयक प्रस्तुतकर्तालाई बढी जवाफदेही बनाउने व्यवस्था गर्नुपर्ने उल्लेख छ।

समितिका निर्णयहरूमा एकरूपता कायम गर्न र मानवीय त्रुटि कम गर्न दिग्दर्शनको आवश्यकता औंल्याइएको छ। 'सभापतिले निर्णय प्रक्रियामा सबै सदस्यहरूलाई विधेयकमा के के परिमार्जन गरियो भन्ने विषय प्रष्टँग वाचन गरी निर्णय पुस्तिकामा लेखी सदस्यहरूको हस्ताक्षर गर्ने पद्धतिको विकास गर्ने,' प्रतिवेदनमा सुझाव दिइएको छ, 'समितिको अन्तिम प्रतिवेदन सभामा पठाउनुपूर्व अनिवार्य रूपमा समितिको बैठक राखी छलफल गराउने।'

उपसमितिले समिति समक्ष पेस गरेको प्रतिवेदनमा समितिले २०८२ जेठ २ को बैठकबाट दुई वर्षको 'कुलिङ अफ पिरियड' राख्ने सिद्धान्तमा सहमत भई परिमार्जनसहित सर्वसम्मतिले पारित गरेको थियो। त्यसपछि त्यो व्यवस्था हटाइएको थियो।

प्रतिवेदन सभामा पेस गर्नु अघि समितिका सदस्यहरूले अन्तिममा हेर्ने र छलफल गर्ने भनिएकोमा त्यसो नगर्दा त्रुटि भएको प्रतिवेदनमा उल्लेख छ।

**छानबिन समितिमा विधेयकसँग जिम्मेवारले के भने ?**

*'सभापतिले प्रतिवेदनमा हस्ताक्षर गरेपछि सचिवको हैसियतले हस्ताक्षर गरेको हूँ। उपसमिति र समितिको छलफलबाट आएका विषयलाई मस्यौदा मिलाउने काम सामान्य प्रशासन मन्त्रालय र कानून मन्त्रालयको हो। कानून मन्त्रालयबाट मस्यौदा आएपछि त्यसैमा हस्ताक्षर गर्ने प्रचलन रहेछ। मैले कानून मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयलाई बढी विश्वास गर्न पुगेँछु'*

– **सुरजकुमार दुरा**, सचिव
राज्य व्यवस्था तथा सुशासन समिति

*'म यस निजामती विधेयकको मस्यौदा सम्बन्धमा पहिलेदेखि नै जोडिएर काम गरेको हुँ। प्रारम्भिक मस्यौदा समितिबाटै बनेको हो। समितिले तयार पारेको प्रतिवेदनमा मैलेसमेत भाषिक सुधार गरेको हो। मलाई लाग्छ यसमा समितिबाटै निर्णय भई टिपोट भएको जस्तो लाग्छ। समितिमा निर्णय भई हामीमध्ये कसले टाइप गऱ्यो मलाई याद भएन'*

– **सुभाषकुमार भट्टराई,**
सहसचिव कानून, न्याय तथा
संसदीय मामिला मन्त्रालय

*'औंला राखेर पढ्न सकेको भए गल्ती पत्ता लगाउन सकिन्थ्यो। टुंगो लागेको विषयमा समितिले तयार पारेको होला भन्ने लाग्छ। समितिका सदस्यले प्रतिवेदन हेर्न नपाएको भन्ने सम्बन्धमा अन्तिममा मैलेसमेत हेर्न पाएको छैन। समितिमा हाम्रो रोल भनेको मन्त्री वा सचिवले दफावार छलफलमा मागेको सूचना उपलब्ध गराइदिने हो। सभापतिले यसमा तपाईंहरूको धारा के हो भनेर सोधेमा उपलब्ध गराइदिने हो'।*

– **मीरा आचार्य,**
सहसचिव संघीय मामिला तथा
सामान्य प्रशासन मन्त्रालय

*'कसैको इन्टेन्सनले गल्ती गरेको जस्तो मलाई लाग्दैन। अब कार्यगत रूपमा त्रुटि हुनसक्छ। कसैको नियतले सभापति, सचिवले गरेको होइन भन्ने लाग्छ। मलाई ६ गते बसेको बैठकबारे जानकारी छैन। हामी बस्छौं भनेको र नबसेको हिसाबले केही छलफलमा कमी कमजोरी भयो भन्ने हो कि। त्यो चीजलाई कसैले त्यसलाई तुहाउनको निम्ति गरेको होइन भन्ने लाग्छ।'*

– **उदयराज सापकोटा,**
तत्कालीन सचिव कानून, न्याय तथा
संसदीय मामिला मन्त्रालय

*'राज्य व्यवस्था समितिबाट उपसमितिले पेस गरेको प्रतिवेदनमा एक वर्षको सट्टा २ वर्ष थप गरी कुलिङ अफ पिरियड सम्बन्धी व्यवस्था पारित गरिएको हो। परिमार्जितसहित भएका कुराहरूको लेख्ने जिम्मा र त्यसको प्रभाव एउटा दफा थपेपछि त्यसको कुन दफामा असर पर्छ भन्ने सम्बन्धमा कानून र सम्बन्धित मन्त्रालयले समेत हेर्नुपर्ने हुन्छ। निजामती र सरकारी भन्ने दुवै कुलिङ अफ पिरियडमा राख्नुको कारण सरकारको सुविधा लिएकाहरू सबैलाई समेट्न खोजिएको हो। निश्चय नै त्रुटि नभएको भन्ने होइन तर मबाट होइन। म कुलिङ अफ पिरियड राख्ने पक्षमा सुरूदेखि आजसम्म छु, भोलि पनि राष्ट्रिय सभाले यो राख्ने प्रावधान ल्यायोस् भन्ने पक्षमा छु।'*

– **रामहरि खतिवडा,**
सभापति राज्य व्यवस्था तथा
सुशासन समिति

*'एउटा पार्लियामेन्ट कमिटीले पास गरिसकेको कुरा नियतवश परिवर्तन गरेको हो भने अक्षम्य कुरा नै हो। त्यसलाई त्यही ढंगले हेर्नुपर्छ। यदि मानवीय त्रुटि हो भन्ने निष्कर्षमा पुग्नु भयो भने एउटा कुरा भयो तर मानवीय त्रुटि भए मनसायपूर्वक भए पनि आयन्दा यसमा कसरी सावधान रहने सचेत रहने अब हुन नदिन जाने भन्ने कुरामा मैले प्रष्ट भनिहालेँ। कानून मन्त्रालयलाई यसको जिम्मा बनाउ अथवा प्रतिनिधि सभा र राष्ट्रिय सभाको नियमावलीमा यसलाई इन्सर्ट गरौं। त्रुटि र अपराध भन्ने कुरा त यसको इन्टेन्सन के हो भन्ने कुरा हो। यदि मानवीय त्रुटि हो की अपराध हो भन्ने कुरा त केलाएर इन्टेन्सन के हो ? पार्लियामेन्टले गरेका कुरा त्यसलाई परिवर्तन गर्छु फरक पार्दिन्छु भन्ने यदि मनसायपूर्वक गरेको हो भने एक किसिमको अपराध नै हो।'*

– **रमेश लेखक**, गृहमन्त्री

*प्राविधिक रूपमा कानूनको भाषा मिलाउने र त्यसपछि मस्यौदा लेख्ने पाटोमा मुख्य जिम्मेवारी कानून मन्त्रालयको हुन्छ, तर कानून मन्त्रालयलाई दिनु पऱ्यो। हाउसमा आएको प्रोपर्टी कानून मन्त्रालयले भनेर मिलाउन मिल्दैन। जेठ २ गते बिहान जुन दुईवटा मूल विषयमा सरकारको धारणा भइसकेपछि हलमा ताली लागेको हो। त्यसपछाडि प्रतिवेदन त्यो अनुरूप रिफ्लेक्ट हुनुपर्ने जुन प्रतिवेदन हो, त्यो अब सेयरै भएन। मैले खोजी गर्दा पनि पाइनँ। मैले अर्को के सुनेको थिएँ भने ५ गते मन्त्रीज्यूकोमा फेरि अनौपचारिक बैठकमा त्यसलाई अन्तिम रूप दिने काम भएको छ भन्ने पनि सुनेको थिएँ। मैले सुभाषजी र मिराजीसँग मागेको थिएँ, तर पाउँदै पाइन।*

– **फणीन्द्र गौतम,**
सचिव (कानून) प्रधानमन्त्री
तथा मन्त्रिपरिषद्को कार्यालय

# बालबालिकाको मुन्द्रा लुटिन थालेपछि स्थानीय त्रसित

निराजन परियार
कैलाली, साउन २०

कैलालीको धनगढीमा बालबालिकालाई फकाएर कानमा लगाएको सुनका मुन्द्रा लुटने गरेको घटना बढ्दै गएको छ। धनगढी उपमहानगरपालिका वडा नं. १ नैनादेवी टोलका स्थानीयका अनुसार बालबालिकालाई फकाउने र आफूसँग नजिक बनाई एकान्तमा पुऱ्याएर कानमा लगाएको सुन लुट्नेहरू बढेका छन्।

स्थानीय बिस्ना साउँदले आफ्नो छोरालाई ललाइफकाइ गरेर कानको मुन्द्रा चोरेको बताइन्। 'लुटेराहरू घरमा नजिक आउने, होटलमा चिया खाने बाहना र बच्चालाई बिस्कुट, चकलेट र फलफूल दिएर बालबालिकासँग नजिक हुन्छन्' उनले भनिन 'त्यसपछि कानमा किरा छ भनेर कान हेरेर लगाएका सुनका मुन्द्रा लुट्ने नयाँ शैली अपनाएका छन्। मेरो छोराको पनि कानको मुद्रा चोरे।'

धनगढीको वडा नं १ मा मात्रै ७ जना बच्चाको कानको मुन्द्रा र बाली चोरी भएको प्रहरीमा उजुरी परेको छ। रातिको समयमा मौका छोपेर आउने चोरले स्थानीय बासिन्दाका घरबाट विद्युतीय खानेपानी तान्ने मोटर, साइकललगायतका वस्तु चोरी हुन थालेपछि स्थानीय बासिन्दा त्रसित बनेका हुन्। सुरक्षा निकायले बजारको मुख्य चोकमा मात्रै गस्ती गर्ने भएकाले भित्रि गल्लीमा चोरिका घटना बढ्दै गएको स्थानीय बताउँछन्।

# आधुनिक खोरले फस्टायो बाख्रापालन

राज दयाल
ओखलढुंगा, साउन २०



सिद्धिचरण नगरपालिका २ मुखिया टोलमा निर्माण गरिएको आधुनिक बाख्रा खोर।

जिल्लाको मानेभञ्ज्याङ गाउँपालिका वडा नं. १ खाटाका बिर्खराज राईले वैदेशिक रोजगारीको क्रममा ३ वर्ष साउदी बसे। आफ्नै गाउँमा केही गर्नुपर्छ भन्ने सोँचका साथ स्वदेश फर्किएका उनी विगत पाँच वर्षदेखि बाख्रापालन व्यवसायमा व्यस्त छन। राईले सुरुमा परम्परागत शैलीको सामान्य खोर बनाएका थिए। जसमा २५देखि ३० वटा बाख्रा थिए। तर अहिले उनको खोरमा एक सयभन्दा बढी खसीबाख्रा छन।

उनले निर्माण गरेको आधुनिक खोरको कारण उत्पादन क्षमता बढेको छ भने व्यवस्थापन गर्न सजिलो भएको छ। 'लामो समय विदेशमा पसिना बगाएपछि आफ्नै गाउँमा केही गर्ने सोच आयो,' उनले भने, 'त्यसपछि बाख्रापालन सुरु गरैँ।' पहिला परम्परागत खोरमा बाख्रापालन गर्न निकै समस्या थियो, उनले थपे, 'तर अहिले यस्तो आधुनिक खोर हेर्दै आनन्द आउँछ, व्यवसाय पनि फस्टाएको छ।'

सिद्धिचरण नगरपालिका वडा नं. २ मुखिया टोलका भुपेन्द्र कार्की पनि विगत चार वर्षदेखि बाख्रापालनमा सक्रिय छन। सुरुका दिनमा उचित संरचना र सरसफाइ नहुँदा खसीबाख्राको स्याहार कठिन थियो। रोगको जोखिम बढ्ने, बाख्राको तौल घट्ने र उत्पादन कमजोर हुनेजस्ता समस्या थिए। तर अहिले आधुनिक खोरका कारण अवस्था फेरिएको छ। उनले पनि सरकारी अनुदानमा आधुनिक खोर बनाएका छन्।

आधुनिक खोरसँगै उनको दैनिकी मात्र होइन, सोच र दृष्टिकोणमा पनि व्यवसायिकता थपिएको छ। सरकारी अनुदान प्रप्त हुँदै गएमा किसानलाई आम्तनिर्भरसँगै व्यावसायिक बन्न सहयोग पुग्ने उनले बताए।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत ओखलढुंगाका ५ स्थानीय तहमा बाख्रा जोन सञ्चालन गरिएका छन। जहाँ गत आर्थिक वर्षमा मात्रै ३४ वटा आधुनिक खोरहरू निर्माण भएका छन्।

कृषकको लगत साझेदारीमा निर्माण भएका यी खोरहरू अग्लो जगमा, पानी बग्ने, सहज रूपमा हावा र प्रकाश आउने गरी बनाइएका छन। विगतका परम्परागत खोरभन्दा बढी सफा र सुरक्षित यस्ता संरचनाले किसानलाई व्यवसायिक ढंगबाट पशुपालन गर्न प्रेरित गरेको छ।

पशुसेवा प्राविधिक सुनिता कार्कीले आधुनिक खोर निर्माण भएसँगै व्यवसायिक बाख्रापालन गर्ने कृषकहरूको संख्या बढ्दै गएको बताइन्।

सरकारी अनुदान, प्रविधिको पहुँच र कृषकको लगनशीलताले गाउँमैं आत्मनिर्भरता र सम्भावनाको नयाँ ढोका खोलेको छ। आधुनिक खोरले केवल बाख्राको व्यवस्थापन मात्र सुधारेको छैन, कृषकको सोच र जीवनशैलीमैं सकारात्मक परिवर्तनको थालनी भएको देखिन्छ।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका न्युज 24 दैनिक प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

Santi Overseas Pvt. Ltd.

SURYA NEPAL
PRIVATE LIMITED
ENDURING VALUE FOR ALL STAKEHOLDERS

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका news 24 दैनिक प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

NEEK
Nepal Ekarat Engineering Company Pvt. Ltd.

A BUSINESS WITHOUT
THE RIGHT ADVISORY
CAN'T REACH IT'S TRUE DESTINATION!



Let NIMB Ace Capital's Corporate Advisory fuel your journey with strategic insights, financial planning, and bespoke solutions.

+977-01-4525280, 9843806411
info@nimbacecapital.com
www.nimbacecapital.com
NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments
wholly owned subsidiary of
NIMB
NEPAL INVESTMENT MEGA BANK LTD.

## सम्पादकीय

# संसद्मा कुलिङको गाईजात्रा

*संघीय निजामती सेवा विधेयकमा निजामती र सरकारी कर्मचारीले अवकाश वा राजीनामापछिका दुई वर्ष संवैधानिक, कूटनीतिक र सरकारीलगायतका नियुक्ति नपाउने संघीय निजामती सेवासम्बन्धी विधेयकको व्यवस्था खण्डित हुने प्रावधान राखिएपछि सो कदमको सर्वत्र आलोचना भयो । जनअपेक्षा विरुद्धको प्रावधान आएपछि आलोचना हुनु स्वभाविक थियो । आखिरमा संसद्ले सो सम्बन्धमा अध्ययन तथा छानबिन गर्न विशेष समिति नै गठन गर्यो ।*

*पहिलो प्रश्न, कुलिङ पिरियड खण्डित गर्ने प्रावधान किन आयो ? त्यो पनि समितिबाट पारित भइसकेपछि गुपचुप रूपमा । विधेयकलाई प्रभावित पार्न मुख्य सचिव एकनारायण अर्यालको नेतृत्वमा निजामति सेवाका उच्च अधिकारीहरू प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासमक्ष लाइन लागेरै पुगे । समितिले प्रतिवेदन पारित गर्ने बेलासम्म पनि मुख्य सचिव, सचिव र विशिष्ट श्रेणीका कर्मचारीहरू 'कुलिङ अफ पिरियड' प्रावधानको विरोधमा उत्रेको घटना दिनको उज्यालो जत्तिकै छर्लंग छ । जसलाई 'संघीय निजामती सेवा विधेयकको प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा अध्ययन तथा छानबिन गर्न गठित विशेष समिति' ले पनि पुष्टि गरेको छ ।*

*'कुलिङ पिरियड' माथिको गोलमाल राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाको नियतमाथि तेर्सियो तर छानबिन समिति समक्ष सभापति स्वयम्ले प्रतिवेदनमा त्रुटि भएको स्वीकार गरे पनि आफ्नो भने त्रुटि नरहेको दाबी गरे । अर्कातिर, जेठ २ गतेको समितिको बैठकमा 'राजीनामा' शब्द थपिएको उनको स्वीकारोक्ति पनि छ । यसले सभापतिको झालेमाले कुराबाट नैतिक जिम्मेवारीमाथि प्रश्न उठाएको छ । प्रतिवेदनमा त्रुटी भएको स्वीकार्ने तर तालुकवाला पदमा रहेको हिसाबले उनले जिम्मेवारी लिनु चाहिँ नपर्ने नै हो त ?*

*छानबिन समितिले सभापति खतिवडा र समिति सचिव सुरजकुमार दुरालाई 'नैतिकरूपमा जिम्मेवार' बनाइएको छ । प्रतिवेदनले विधेयकको विरोधमा मुख्य सचिव र सचिवहरू नै उत्रनु अशोभनीय देखिएको बताएको छ । प्रतिवेदनमा 'कुलिङ अफ पिरियड' हटाउन मुख्य सचिव र सचिवहरू प्रत्यक्ष संलग्न नदेखिए पनि विरोधमा उत्रिनु ठीक नभएको जनाइएको छ । तर जनताले देखेको कुरा र प्रतिवेदनले देखेको कुराको तालमेल देखिएन ।*

*संसद्मै यस अघि भएको छानबिन समितिले महत्त्वपूर्ण मानिने सीसीटिभी फुटेज मुसाले खाएको पाइएको थियो । यसपटक सुटुक्क स्वार्थ अनुकूलको शब्द मिलाइयो । सार्वजनिक भएको प्रतिवेदन माथि उठेको प्रश्न, जनताले देखेको कुरा किन प्रतिवेदनले अनदेखा गर्यो ? अर्को रमाइलो कुरा त, छानविन प्रतिवेदनले कुसैलाई कारबाहीका लागि सुझाएको छैन ।*

*कुलिङ पिरियडमाथि सुरुदेखि नै भएको छलछाम विधेयक आउँदा, विधेयकको विरोध हुँदा र छानबिनको प्रतिवेदन आउँदा पुष्टि भएको छ । यसलाई कुटेजस्तो गर्नु, रोएजस्तो गर्नुको नाटक मञ्चन भएको प्रष्ट देखियो । आफ्नो स्वार्थ मिल्दा निजमति उच्च पदस्थ र राजनीतिक नेतृत्वले जनतालाई गुमराहमा पार्ने नजीर फेरि पनि दोहोरिएको छ । जुन हामी परिकल्पना गरेको लोकतन्त्रको मर्यादा विपरीत हो । यो विषयमा तत्काल कारवाही नभए पनि जनताले उपयुक्त समयमा सम्झने छन् ।*

# सुक्खा र खडेरीको दिगो समाधान



news24 दैनिक

**मधुकर उपाध्या**

यो वर्षको मौसम पूर्वानुमानमा अधिक वर्षा हुन्छ भनिएको थियो, त्यही अनुसारको तयारी हुँदै थियो । तर, अनुमान विपरीत खडेरी भयो । यो घटना आफैंमा अनौठो जस्तो भयो, जुन अप्रत्यासित थियो ।

तराईको यो संकट अपर्झट भएको होइन । तराईमा खडेरी हुन थालेको धेरै वर्ष भयो ।

राष्ट्रपति चुरे कार्यक्रम सुरु गर्नेबेलामा पूर्व राष्ट्रपति रामवरण यादवले भन्नुभएको थियो, 'पहिला तीस, चालीस फिटमा आउने पानी डेढ दुई सय फिटमा गयो, त्यही भएर पनि चुरे संरक्षण गर्नुपर्ने भयो ।'

यो कुरा अहिलेको होइन, दश वर्ष अगाडिको हो । यसले के पुष्टि हुन्छ भने समस्या पहिलादेखि नै रहेछ । तर, त्यो समस्याको सम्बोधन भने भएन । त्यही भएर वर्षा नहुनेबित्तिकै र वर्षा न्यून हुनेबित्तिकै समस्या चरम हुन पुग्यो ।

तराईमा देखिएको समस्या हिमशिलाको चुच्चोमात्रै हो, विशाल हिमशिला त लुकेकै छ । अर्थात्, ठूला समस्या त अझै देखिएकै छैन ।

तराईको मात्रै होइन पहाडमा पनि समस्या चर्कै छ । पहाडमा मूल सक्यो भन्न थालिएको दशौं वर्ष भइसक्यो ।

पहिला साउने झरी भनिन्थ्यो । मसिनो पानी लगातार चार, पाँच दिनसम्म परिरहन्थ्यो । त्यस्तो झरी नपरेको बिसौं वर्ष भइसक्यो । त्यति मात्रै होइन, पहाडतिर साउने मूल फुट्थ्यो । पहाडको भूमिगत जल भण्डार पूरा भरिएपछि साउनमा मूल फुट्ने गरेको थियो । त्यस्तो, साउने मूल एक डेढ महिनामात्रै आउँथ्यो र दशैंअगाडि सुकिसक्थ्यो । त्यसरी, मूल नफुटेको तीस वर्ष हुन थालिसक्यो ।

यसपालीको समस्या तराईमा चरमरूपमा देखियो । यसको एउटा कारण मनसुन क्रमशः उत्तरतिर सरिरहेकाले पनि हो । त्यसैले, नै उच्च पहाडी भेगमा पानी पर्न थालेको हो, हिमालमा पानी पर्ने हुन थालेको हो । तिब्बतमा पनि पानी पर्न थालेको छ । अर्कातिर, गंगाको फाँट सुक्खा हुँदै गएको छ ।

सरकारले जलवायु परिवर्तनको प्रभाव के छ भनेर नौ वर्षअगाडि गरेको सर्वेक्षण गरेको थियो । सो सर्वेक्षणको पछिल्लो अवस्था अद्यावधि गर्न अर्को तीन वर्ष अघि अध्ययन भयो । त्यो अध्ययनले के देखाएको छ भने पूर्वदेखि पश्चिम सम्मको तराई जुन झापादेखि कञ्चनपुरसम्मको क्षेत्र छ, त्यहाँका ६६ प्रतिशत मान्छेले खोला सुक्दै गएको छ भनेका थिए । २६ प्रतिशतले त खोला पूरै सुकिसकेको बताएका रहेछन् । मधेश प्रदेशकै मात्र कुरा गर्दा ७० प्रतिशत सहभागीले हाम्रो खोला सुक्दै गएको छ भनेका रहेछन् । यसले के देखाउँछ भने हामीकहाँ समस्या छ भन्ने कुरामा अनभिज्ञता थिएन, बरु समस्यालाई अनदेखा पो गरियो कि, शंका उठेको छ ।

हामीले दश वर्षदेखि जलवायु परिवर्तनको कुरा गरिरहँदा हिमालको हिउँ पग्लियो भन्ने कुरामात्र प्राथमिकतामा पर्यो । हिउँताल बन्ने र विष्फोट हुने कुराहरू भए । तर, यथार्थ के हो भने मौसमको परिवर्तन भनेको हाम्रो धरातलीय अवस्थाको परिवर्तन हो । हामीले जानेको विज्ञानको बुझाइनै परिवर्तित भएको अवस्था हो । त्यसैले, हिजो जुन आधारमा मौसम पूर्वानुमान हुन्थ्यो त्यो अवस्था नै परिवर्तन भइसकेको छ ।

त्यो नेपालमा हकमा मात्रै होइन वैश्विकरूपमै देखिएको कुरा हो । नेपालको मौसम पूर्वानुमान मात्र होइन, विश्वभरकै मौसम पूर्वानुमान गलत साबित भइरहेका छन् । तसर्थ, तथ्य के हो भने आधारभूत अवस्थाहरूमा आएको परिवर्तनलाई हामीले ठम्यानउ सकेनौं । मौसम परिवर्तन द्रुत हुँदै जाने र परम्परागत मौमसी चक्र अब अवरुद्ध हुँदै जाने देखिन्छ । गत वर्ष वर्षा धेरै भयो । यो वर्ष पानी नै परेन । गत वर्ष पनि निश्चित ठाउँमा मात्र पानी पर्यो, सबैतिर एकनासको वर्षा भएको होइन । वषातको चरित्र नै फेरियो । एकै ठाउँमा ह्वारह्वारती पानी पर्न थाल्यो, जसलाई क्लाउ डबर्स्ट भनिन्छ, अर्थात् आरीघोप्टे वर्षा । यस्तो हुने क्रम द्रुत छ । र, चिन्ताको विषय के हो भने यो अझै द्रुत रूपमा अघि बढ्ने देखिन्छ ।

हामीले जलवायु परिवर्तनले हामी मारमा परिरहेका छौं भनेर राष्ट्रिय, अन्तर्राष्ट्रिय मञ्चमा भनेर मात्र पनि भएन । कि, त त्यसलाई न्यून गर्न प्राविधिक सहयोग पाउनुपर्यो । अथवा, समस्या समाधान गर्न आर्थिक सहयोग पाउनुपर्यो । यी कुराहरू सुनाएर मात्रै पनि हुँदैन । अन्तर्राष्ट्रिय विज्ञहरूलाई त हामीलाई भन्दा धेरै थाहा छ, किनभने जलवायु परिवर्तनको प्रभाव वैश्विकरूपमा परेको छ भन्ने कुराको जानकारी हामीसँग भन्दा पश्चिमा विज्ञसँग छ ।

स्थानीय तहमा के भयो त्यो थाहा नहोला, रसुवामा ठूलो बाढी आयो । त्यसो हुनुको कारण हिमनदी पग्लिएर आएको बाढी कारक हो भन्ने कुरा त पश्चिमा विज्ञले भूउपग्रहबाट गरिएको अध्ययनबाट हामीलाई भनेका हुन् । फेरि, जलवायु परिवर्तनको मारले जोखिममा परेका मुलुक थुप्रै छन् । पाकिस्तानमा तीन वर्षअघि आएको बाढीले तीन करोड मानिस प्रभावित भएको कुरा विश्वले थाहा पाएकै कुरा हो ।

तर, हामी स्थानीय स्तरमा भएको कामहरूले हाम्रो जीवनलाई प्रभाव पार्दैछ । ६६ प्रतिशतले खोला सुक्यो भनेको तथ्य त हाम्रो स्थानीय अवस्था हो । त्यसप्रति हाम्रो ध्यान गएन । खोला सुके भनेको सुन्यौं, तर हामीले खोला किन सुक्यो भनेर कारण खोज्नतिर लागेनौं ।



**पहाडमा मूल सुकेको ठाउँमा डीप बोरिङ गर्न थालियो । तत्कालका लागि गर्नुपर्ने काम त्यो थियो होला, त्यसलाई गलत पनि नभनौं । सोलार पम्प राखेर खोलाको पानी पहाडमाथि चढाउनु पनि बेठिक नहोला । तर, मूल किन सुक्यो भन्ने प्रश्नको उत्तर खोज्नुपर्यो । यदि सुकेको मूललाई पुनर्भरण, पुनर्स्थापना गर्न सकेको भए वातावरण अक्षुण्ण हुन्थ्यो होला । त्यसो नगरी हामी विकल्पमा गयौं, जब विकल्पमा गइन्छ तब समस्या जहाँको तहीं रहिरहेको हुन्छ । अब तराईंको विकल्प के ?**

मधेशको भूगोल र भूअवस्थाबारे पनि हामीले सोच्नुपर्ने हुन्छ । मधेशमा ठूला नदी छैनन् । कोशी पूर्वमा पर्यो । गण्डकी पश्चिममा पर्यो । त्यहाँ भएका नदी बाग्मती, कमलाजस्ता नदी चुरेबाटै निस्कने नदी हुन् । धर्तीको निर्माण प्रक्रियामै खोला नबनेको अवस्था हो । ती क्षेत्रमा ठूला-ठूला पोखरी किन बनाइयो त भने पानीको अभाव हुन नदिन पुर्खाले पानी जोगाएका हुन् । त्यो क्षेत्रमा पहिलादेखि पानी कम थियो भन्ने पुष्टि त्यसबाट पनि हुन्छ । त्यसैले पहाड, तराईमा पोखरी बनाउने पुर्ख्यौली प्रचलन जुन छ, वषातको पानीको व्यवस्थापन गर्दै हिउँदलाई पानी जोगाइएको हो ।

काठमाडौं नजिकैको पाँचखालमा भएको झिकु खोला सुकेको बिसौं वर्ष भयो । काठमाडौंबाट एक घण्टामा पुग्न सकिने ठाउँको खोला किन सुक्यो, त्यसलाई पुनर्स्थापना गर्न के गर्न सकिन्छ भन्ने त हामी ले हेर्न सकेनौं । खोला सुकिसकेपछि त हाम्रो भात, भान्छा नै रोकिने अवस्थामा पुगियो । हाम्रो समस्या के हो भने हामीलाई परिआएको कुरा नै हामीले परिआएको नै ठानेनौं । त्यसैले अहिले हामीले पानी नपरेको कारण तराईमा सुक्खा भयो भन्नु सतही हुन जान्छ ।

पानी परेन अनि सुक्खा भयो, खडेरी पर्यो भन्नु भनेको साधारण मानिसले भन्ने कुरा हो । तर, वैज्ञानिकहरूले नीति निर्माताहरूले पाँच, दश, पन्ध्र, बिस वर्षपछिको कुरा हरू पनि हेर्नुपर्ने हुन्छ ।

पहाडमा मूल सुकेको ठाउँमा डीप बोरिङ गर्न थालियो । तत्कालका लागि गर्नुपर्ने काम त्यो थियो होला, त्यसलाई गलत पनि नभनौं । वा, सोलार पम्प राखेर खोलाको पानी पहाडमाथि चढाउनु पनि बेठिक नहोला । तर, मूल किन सुक्यो भन्ने प्रश्नको उत्तर खोज्नुपर्यो । यदि सुकेको मूललाई पुनर्भरण, पुनर्स्थापना गर्न सकेको भए वातावरण अक्षुण्ण हुन्थ्यो होला । त्यसो नगरी हामी विकल्पमा गयौं, जब विकल्पमा गइन्छ तब समस्या जहिँको तहिँ रहिरहेको हुन्छ । अब तराईंको विकल्प के ?

पाँच सयवटा डीप बोरिङ खन्ने भन्ने प्रधानमन्त्रीको घोषणा कार्यान्वयन हुन पनि केही नभए पनि एक महिना लाग्ला । त्यतिन्जेलमा यो वर्षको खेतीमा पर्ने नकारात्मक असर त परिसकेको हुन्छ । यो वर्षको धान त घट्ने निश्चित नै भयो । फेरि, हाम्रो व्यवस्थापकीय क्षमता अत्यन्तै कमजोर छ । गत चैतमा गाडिएको डीप बोरिङको ट्रान्सफर्मर नै चोरी भएर पानी तान्न नसकिएको भन्ने कुरा पनि आएको छ । यसले के देखाउँछ भने हामी कुनै पनि काम प्रभावकारी ढंगले गर्न सक्दैनौं, हामीमा व्यवस्थापकीय समस्या छ ।

व्यवस्थापकीय तारतम्य मिलाएर पम्प हालियो भने पनि हुने के हो भने जमिनमुनिकै पानी नै त तान्ने हो । पानी किन घट्यो त्यसलाई कसरी बढाउन सकिन्छ भन्नेतर्फ हाम्रो ध्यान गएकै छैन । अलिअलि काम भएको छ, पुनर्भरण गर्ने, स्रोत संरक्षण गर्ने काम भएको छ । त्यो काम दुई, चार गुणा बढाएर हुँदैन, पाँच सय गुणा, हजार गुणा बढाउनुपर्छ । त्यो काम अहिलेसम्म भएको छैन ।

हामीले छलफल नगरेको विषय के पनि हो भने हाम्रो तराईको जमिनमुनि भएको पानी र भारतको विहारको जमिनमुनि भएको पानी एउटै हो । हाम्रो तराईदेखि लिएर भारतको विहार, उत्तर प्रदेशदेखि गंगासम्मको पानी एउटै हो । जमिनमुनिको पोखरी एउटै हो । पाखरीको जुन कुनाबाट पानी ताने पनि सबैतिर पानी घटेजस्तै हो तराईको जमिनमुनिको पानी ।

भारतले कृषिकर्मका लागि अत्यधिक पानी दोहन गर्दा पनि हाम्रो क्षेत्रमा पानीको कमी भएको हो । त्यसैले, हामीले मात्रै पानी तानेकाले पानी घटेको होइन । भारतको जनघनत्व, जनसंख्या, उद्योगका कारण पानीको माग अधिक छ । त्यो पनि एउटा कारण हो । यसलाई सम्बोधन गर्न अन्तर्देशीय अन्तर-संवाद हुनुपर्यो ।

# प्लास्टिक व्यवस्थापनको संकट

**टिम स्याउनबर्ग, डीडब्लू**

१७० भन्दा बढी देशहरू जीवाश्म प्लास्टिक उत्पादन र त्यसले हुने प्रदूषण घटाउन एक बाध्यकारी सम्झौता गर्न गृहकार्य गरिरहेका छन् । तेल प्लाष्टिक उत्पादकहरूको दाबी के छ भने रिसाइकलमार्फत नै यो समस्याको समाधान गर्न सकिनेछ ।

गत वर्ष दक्षिण कोरियाको बुसानमा 'ग्लोबल प्लास्टिक सन्धि' अन्तिम समयमा पूर्ण हुन नसकेपछि अहिले १ सय ७० देशहरू मंगलबारदेखि अर्को साताको बिहीबारसम्म जेनेभामा भेला भएर प्लास्टिक फोहोर घटाउने बाध्यकारी सन्धिलाई मूर्त रूप दिने प्रयासमा वार्तामा बस्दैछन् ।

प्रतिनिधिहरूले प्लास्टिक उत्पादनमा कति मात्रामा कटौती गर्ने र प्लास्टिक उत्पादनका सम्पूर्ण चक्र, डिजाइन, उत्पादन र फोहोर व्यवस्थापनसम्म के नीति लागू गर्ने भन्नेबारे निर्णय गर्नेछन् ।

विश्वभर वार्षिक ४ सय १३ मिलियन टन प्लास्टिक उत्पादन हुन्छ, जुन आधा मिलियन ओलम्पिक स्वीमिङ पुल भरिने जति हो । यसमध्ये जम्मा ९ प्रतिशतमात्र रिसाइकल गरिन्छ । बाँकी जलाइन्छ, ल्यान्डफिलमा फालिन्छ, वा समुद्रमा पुग्छ । यस प्रक्रियामा यो पृथ्वी प्रदूषित भइरहेको छ र वन्यजन्तु तथा मानव स्वास्थ्यमा पनि क्षति पुगिरहेको छ । प्लास्टिकका साना-साना कणहरू जसलाई माइक्रोप्लास्टि भनिन्छ, ती संसारका हरेक कुनामा र मानव शरीरभित्र समेत पुगिसकेका छन् ।

अफ्रिका, ल्याटिन अमेरिका, युरोपियन युनियन लगायतका करिब सय देशहरूको समूह जुन हाई एम्बिसन कोएलिसनको नामले चिनिन्छ, त्यसले एक अग्रगामी सम्झौता होस् भनेर दबाब दिइरहेको छ । सो, सम्झौताको खाकामा प्लास्टिक उत्पादनमा महत्त्वपूर्ण कटौती हुनुपर्ने बुँदा समावेश छ ।

प्लास्टिक प्रमुखरूपमा तेलबाट बन्छ । यो नै जलवायु परिवर्तनको मुख्य कारण हो । पेरिस जलवायु सम्झौताको लक्ष्य हासिल गर्न प्लास्टिक उत्पादनमा कम्तीमा १२ देखि १९ प्रतिशतसम्म कटौती गर्नु पर्ने जर्मनीस्थित समुद्री अनुसन्धान केन्द्र अल्फ्रेड वाग्नर इन्स्टिच्युटकी जीववैज्ञानिक मेलानी बर्गमान बताउँछिन् ।

तर, यसमा बाधक बनेका मुलुकमा रूस, इरान र साउदी अरेबियाजस्ता तेल उत्पादक देशहरू छन् । यी मुलुकले जेनेभामा अर्को झुण्ड बनाएर सम्झौताको विरोध जनाइरहेका छन् ।

वातावरणको क्षेत्रमा काम गर्ने गैरसरकारी संख्या विश्व वन्यजन्तु कोषको अन्तर्राष्ट्रिय नीतिसम्बन्धी कारोबार हेर्ने फ्लोरियन टिट्जे भन्छन्, 'तेल र प्लास्टिक उत्पादकहरू प्लास्टिक उत्पादनलाई सीमित पार्ने नीति; जस्तै प्लास्टिकको एकपटक मात्र प्रयोग गर्ने सिंगल युजको प्रावधानलाई प्रतिबन्ध गर्ने कुराको विरोध गर्दैछन् ।

उनीहरूको भनाइमा प्लास्टिक संकटको मुख्य कारण 'फोहोर व्यवस्थापन' को कमजोरी हो । यसको माग घटाउँदैमा समस्या समाधान हुँदैन भन्ने तर्क गर्छन् ।

त्यसैले, उनीहरू संकलन, उपभोक्ताहरूमा सचेतना र रिसाइकलको दर बढाउने पक्ष वकालत गरिरहेका छन् । तर, टिट्जेको भनाइमा समस्याको मुख्य जड नै अत्यधिक उत्पादन हो ।

प्लास्टिक्स युरोपकी कार्यकारी निर्देशक भर्जिनिया जोनसन भन्छिन्, 'प्लास्टिक उत्पादनको विश्वव्यापी सीमा तोक्नु नै समाधानको एउटा सरल उपाय हो ।'



उनको भनाइमा प्लास्टिक प्रदूषण एक गम्भीर समस्या हो तर यसको समाधान गर्न 'हाम्रो क्षेत्रमा मात्र होइन, पूरै आपूर्ति चक्र, सरकारी निकाय र अन्य सरोकारवालाहरू बीच संरचनागत सहकार्य' चाहिन्छ ।

**रिसाइकल मात्रैले हुँदैन समाधान**

रिसाइकल र फोहोर व्यवस्थापन महत्वपूर्ण छन्, तर प्लास्टिकको कुल मात्रा नघटाई हुँदैन । 'हरेक वर्ष प्लास्टिकको मात्रा बढ्दै गइरहेपछि हामीलाई अझ ठूलो संख्यामा फोहोर व्यवस्थापन संरचना चाहिन्छ,' उनले भनिन् । समृद्ध देशहरूले ठूलो बजेट खर्च गर्दा पनि सो प्रणाली टिक्न नसकेको उनी बताउँछिन् ।

उदाहरणका लागि, जर्मनीले वार्षिक झन्डै १६ अर्ब युरो (१८.५ अर्ब डलर) फोहोर व्यवस्थापन, पानी शुद्धीकरण र वातावरणीय प्रदूषण नियन्त्रणमा खर्च गर्ने गर्छ । वार्षिक झन्डै ८ मिलियन टन प्लास्टिक उत्पादन गर्ने जर्मनी युरोपको सबैभन्दा ठूलो प्लास्टिक उत्पादक हो । जर्मनी पछिको सूचीमा बेल्जियम र फ्रान्स छन् ।

विश्वमा एक तिहाइ प्लास्टिक चीनबाट आपूर्ति भइरहेको छ भने २० उत्पादन अन्य एशियाली देश र उत्तर अमेरिकाबाट आइरहेको छ । तर, प्रतिव्यक्ति प्लास्टिक खपतमा भने उत्तर अमेरिका र युरोप क्रमशः ९४ केजी र ८५ केजीका साथ अग्रपंक्तिमा छन् । चीनमा यो मात्रा ५८ केजी हाराहारी रहेको छ ।

जेनेभामा भइरहेको वार्तामा सहभागी केही विशेषज्ञहरू प्लास्टिक उत्पादनमा कटौतीको लागि उच्चतम माग राख्ने देशहरू नै सबैभन्दा धेरै उपभोग गर्ने भएकाले उनीहरूको कुरा द्वैध चरित्रको छ । 'सबै देशहरू आफूलाई धेरै नै महत्त्वावाकांक्षी देखाउन चाहिरहेका छन्, जबकि यो हाँस्यास्पद देखिन्छ,' थिंक ट्यांक कमन इनिसिएटिभका संस्थापक एलेक्जेन्डर ऱ्याङ्कोभिक भन्छन् । तेल उत्पादक देश र उत्पादकहरूलाई मात्र दोष दिएर समस्या समाधान नहुने उनी बताउँछन् ।

यसैबीच, जर्मनीको संघीय वातावरण मन्त्रालयले भने 'संसाधन प्रयोग घटाउन र प्रणालीमा उपलब्ध सामग्रीलाई पुनः प्रयोगमा ल्याउन' प्लास्टिक उत्पादनमा कटौती आवश्यक भएको बताएको छ । इटाली, स्पेन र फ्रान्सले पनि यही धारणा राख्दै युरोपियन युनियनमा उक्त प्रस्तावलाई अघि सारिरहेका छन् । राष्ट्रिय प्रतिनिधिसँगै, सयौं प्लास्टिक र रसायन उद्योगका प्रतिनिधिहरू पनि जेनेभा पुग्ने अपेक्षा छ ।

'प्लास्टिकसम्बन्धी वैज्ञानिक अध्ययनलाई कमजोर देखाउने उद्योगको प्रयास पछिल्ला वर्षहरूमा तीव्र भएको छ,' गोटेन्बर्ग विश्वविद्यालयकी इकोटक्सिकोलोजिस्ट बेथानी कार्नी आल्म्रोथ भन्छिन् । उनले प्लास्टिकमा भएका रसायनहरूको हानिकारक प्रभावबारे अनुसन्धान गर्दै आएकी छन् । उच्च महत्वाकांक्षी देशहरूले प्लास्टिकमा विषादी घटाउने पनि माग गरेका छन् । गत वर्ष बुसानमा भएको सम्झौता वार्तामा युरोपियन युनियनका सबै देशका प्रतिनिधिहरूको संख्याभन्दा अधिक त उद्योग लबिस्टहरू नै सहभागी भएका थिए ।

कार्नी आल्म्रोथको भनाइमा उद्योगले पक्षपाती अध्ययनमार्फत वैज्ञानिक निष्कर्षहरूमाथि पूर्वाग्रह राख्दै भ्रम उत्पन्न गर्न खोजेको छ । तर, प्लास्टिक्स युरोपकी जोनसन आफूहरूले स्वतन्त्र वैज्ञानिक अनुसन्धानको महत्वलाई मान्यता दिने बताउँछिन् । 'प्रभावकारी समाधान खोज्न वैज्ञानिक प्रमाणमा आधारित संवाद र निर्णय अत्यावश्यक छन्,' उनी भन्छिन् ।

तर कार्नी आल्म्रोथको भनाइमा वैज्ञानिकहरूलाई धम्की दिइएको छ भने मिडिया तथा वैज्ञानिक प्रकाशनहरूमाथि मिथ्या आरोप लगाइएको छ ।

क्यानडामा भएको एक सम्मेलनमा प्याकेजिङ उद्योगका प्रतिनिधिले सम्मेलन कक्षमै आएर उनलाई गलत जानकारी फैलाएको आरोप लगाएका थिए । पछि उनले संयुक्त राष्ट्र संघमा उजुरी गरेपछि ती व्यक्ति माफी माग्न बाध्य भए ।

ऱ्याङ्कोभिक जेनेभामा कुनै क्रान्तिकारी सम्झौता हुनेमा आशावादी छैनन् । बरु, यो एक किसिमको खाका सन्धि बन्ने उनको आशा छ, जुन भविष्यमा विस्तार हुँदै जान सक्छ ।

तर, प्लास्टिक उत्पादन अर्को २० वर्षमा दोब्बर हुने अनुमानका कारण समय छिट्टै घर्किदैछ । बर्गम्यान भन्छिन्, 'सन्धिमार्फत हामीसँग प्लास्टिकले उत्पन्न गराएको समस्यालाई नियन्त्रणमा ल्याउने ऐतिहासिक अवसर छ ।'

## पाठक मञ्च


# गाडी भाडामा मनपरी

काठमाडौंका सार्वजनिक यातायातमा हिँड्ने यात्रुहरूले कयौं समस्याहरूको सामना गर्नु परिरहेको छ । तिनमा एउटा हो, मनपरी गाडी भाडाको समस्या । एक ठाउँबाट अर्को ठाउँमा जाँदाको भाडा कति हो भन्ने कुरा गाडीका सहचालकले हचुवाका भरमा तोक्ने गरेको पाइन्छ । सधैं हिँडेको बाटोको भाडा पनि कहिले कति, कहिले कति तिर्नु परिरहेको हुन्छ । त्यस्तोमा यात्रुले कति झगडा गरेर बस्ने भन्ने दुविधा हुने गरेको छ । यसका लागि गाडी भाडाको सूचीमा सवारीमा टाँस्नुपर्ने अनिवार्य प्रावधानलाई कडाइका साथ लागू गर्नुपर्ने देखिन्छ । यदि, यात्राका दौरानमा यात्रुले कुनै किसिमको हैरानी बेहर्नुपरेको छ भने त्यसको गुनासो र सुनुवाइ हुने व्यवस्था गर्नुपर्ने देखिन्छ । यातायात व्यावसायीहरूको ध्यान सधैं भाडा वृद्धिमा मात्रै केन्द्रित रहेको देखिन्छ, तर सेवा विस्तारमा भने खासै वास्तै गरेको देखिँदैन । यी समस्यालाई चिर्न सम्बन्धित निकायले यातायात व्यावसायी संघहरूसँग समन्वय गर्नुपर्ने देखिन्छ । साथै, आफ्नो क्षेत्रामा चल्ने सार्वजनिक यातायातहरूको सेवा प्रवाहको नियमन गर्ने काममा सम्बन्धित नगरपालिकाहरूले कदम चाल्नुपर्ने देखिन्छ ।

**प्रकति पाठक**, कुलेश्वर

## जेन कथा

# साँचो चमत्कार



बेन्केइ नाम गरेका एकजना ख्यातिप्राप्त जेन गुरु रयुमो भन्ने ठाउँको मन्दिरमा जेन शिक्षा दिने गर्दथे । शिन्शु सम्प्रदाय मान्ने एकजना पण्डित बेन्केइका अनुयायी बढ्न थालेपछि भित्रभित्रै ईर्ष्या गर्थे । मौका पाउनेबित्तिकै शास्त्रार्थ गर्दै तिनलाई होच्याउन थाल्थे । शिन्शु सम्प्रदाय मान्ने पण्डितहरू भने बौद्धमन्त्र ठूल्ठूलो स्वरले उच्चारण गर्ने गर्थे ।

एक दिन बेन्केइ आफ्ना शिष्यहरूलाई पढाइरहेका थिए । त्यतिबेलै, अचानक शिन्शु पण्डित त्यहाँ आइपुगे । शिन्शु पण्डितले आउनेबित्तिकै ठूलो-ठूलो स्वरमा मन्त्रपाठ गर्न थाले । यो देखेर बेन्केइले आफ्नो काम बीचैमा रोके । बेन्केइले पण्डितलाई सोधे, 'तिमीले खोजेको के हो ?'

शिन्शु पण्डितले भने, 'हाम्रा गुरु यति दिव्यशक्ति सम्पन्न थिए कि उनी नदीको एउटा किनारामा कुची लिएर उभिए भने अर्को किनारामा उनका शिष्य कागज लिएर उभिन्थे । उनले हावामा कुची चलाउँदा अर्को किनारामा कागजमा आफैं चित्र बन्थ्यो । तपाईं यस्तो गर्न सक्नुहुन्छ ?'

बेन्केइले नम्र भएर जवाफ दिए, 'तपाईंको मठका बिरालाहरूले पनि त्यही गर्न सक्लान्, तर यो शुद्ध जेन आचरण भने होइन । मेरो चमत्कार त भोक लाग्नु हो र भोक लागेपछि खाना खानु हो । मेरो चमत्कार त प्यास लागेपछि पानी पिउनु हो ।'

# चीनमा चिकुनगुनिया संक्रमण बढ्दै

**एजेन्सी, साउन २०**

चीनको ग्वाङडोङ प्रान्तमा लामखुट्टेबाट सर्ने चिकुनगुनिया भाइरसको संक्रमण तीव्र गतिमा फैलिँदै गएको छ। जुलाईयता सात हजारभन्दा बढी संक्रमित भेटिएका छन्।

सबैभन्दा बढी प्रभावित फोसान शहरमा बिरामीहरूलाई अस्पतालमै राखेर झुलभित्र उपचार गरिँदै छ। संक्रमितलाई नेगेटिभ परीक्षण आएपछि वा सात दिनको उपचारपछि मात्र डिस्चार्ज गरिन्छ।

फोसानबाहेक ग्वाङडोङका अन्य १२ सहरमा पनि संक्रमित फेला परेका छन्। पछिल्लो एक हप्तामै ३ हजार जनामा संक्रमण देखिएको हो।

हङकङमा पनि पहिलो केस पुष्टि भएको छ। फोसान यात्रा गरेका १२ वर्षीय बालकमा संक्रमण देखिएको हो।

**संक्रमण व्यापक, अवस्था सामान्य**

स्वास्थ्य अधिकारीहरूका अनुसार हालसम्म भेटिएका सबै संक्रमितको अवस्था सामान्य रहेको छ।

चिकुनगुनियाबाट मृत्यु हुने दर भने निकै कम रहेको छ। हालसम्म यस भाइरसको कुनै निश्चित उपचार छैन। अहिलेसम्म संक्रमित सबै केसहरू मध्यम स्तरका छन्, ९५% बिरामीहरू उपचारपछि सात दिनभित्र डिस्चार्ज भएका छन्। तथापि, यस भाइरसबारे पर्याप्त जानकारी नभएकाले मानिसहरूमा केही त्रास निम्त्याएको छ।

अमेरिकाले चीनमा रहेका यात्रुहरूलाई यो प्रकोपपछि 'बढ्दो सावधानी' अपनाउन आग्रह गरेको छ।

चिकुनगुनिया भाइरस संक्रामक नभए पनि लामखुट्टेबाट अर्कोमा सर्न सक्छ। संक्रमित व्यक्तिलाई एक लामखुट्टेले टोकेर सोही लामखुट्टेले अर्को व्यक्तिलाई टोकेमा मात्र यसको भाइरस सर्छ।

लामखुट्टेको संख्या घटाउन अधिकारीहरूले पाँच हजार लामखुट्टे खाने माछा सहरका पोखरीमा छाडेका छन्। साथै साना लामखुट्टे खाइदिने ठूला जातका 'हात्ती लामखुट्टे' पनि प्रयोग गरिएको छ।

कतिपय स्थानमा ड्रोन उडाएर जमेको पानीको पहिचान गर्ने काम भइरहेको छ। नागरिकलाई घरमा पानी जम्न नदिन चेतावनी दिइएको छ। अवज्ञा गरेमा १० हजार युआन (करिब १४ सय डलर) जरिवाना गरिने बताइएको छ।

**के हो चिकुनगुनिया भनेको ?**

चिकुनगुनिया एक प्रकारको भाइरस हो, जुन लामखुट्टेको टोकाइबाट सर्छ। विशेषगरी 'एडिज एजेप्टी र एडिज अल्बोपिक्टस्' जातका लामखुट्टेले यो भाइरस फैलाउँछन्। यी उही लामखुट्टे हुन् जसले डेंगु र जिका भाइरस पनि सार्छन्। चिकुनगुनियाको संक्रमण प्रायः संक्रमित लामखुट्टेको टोकाइपछिको ३ देखि ७ दिनभित्र देखिन्छ।

चिकुनगुनिया भाइरस पहिलोपटक सन् १९५२ मा तान्जानियामा फेला परेको थियो। हालसम्म यो एक सय १० भन्दा बढी देशमा फैलिएको छ, विशेष गरी दक्षिण र दक्षिणपूर्वी एसिया तथा अफ्रिकाका केही भागमा यसको प्रकोप देखिँदै आएको छ।

# जापानमा चामलको मूल्यवृद्धि

**एजेन्सी, साउन २०**


जापानभरिका सुपरमार्केटहरूमा चामलको खुद्रा मूल्य १० हप्तापछि पहिलोपटक वृद्धि भएको छ। सरकारी तथ्यांकअनुसार जुलाई २७ मा समाप्त हुने सातासम्म चामलको औसत खुद्रा मूल्य प्रति पाँच किलोको तीन हजार छ सय २५ येन (करिब २४.६ अमेरिकी डलर) पुगेको छ।

कृषि, वन तथा मत्स्य मन्त्रालयले जुलाई २१ देखि जुलाई २७ सम्मको अवधिमा चामलको मूल्य अघिल्लो साताको तुलनामा ४० येनले बढेको जनाएको छ।

मन्त्रालयले चामलको मूल्य वृद्धि पछाडि सरकारको भण्डारण र चामल बजारमा पठाउने गति सुस्ततालाई कारण देखाएको छ। अघिल्ला हप्ताहरूमा सरकारी भण्डारण चामलको आपूर्तिले बजार मूल्यमा घटाउने दबाब सिर्जना गरिरहेको थियो।

भण्डारण गरिएको चामल मिसाइएको 'ब्लेन्डेड' चामलको मूल्य पनि उकालो लागेको छ। ब्लेन्डेड चामलको औसत मूल्य प्रति पाँच किलो तीन हजार एक सय ३३ येन पुगेको छ, जुन अघिल्लो साताको तुलनामा ४५ येनले बढी हो।

सरकारले देशभरका करिब एक हजार सुपरमार्केटहरूबाट साप्ताहिक रूपमा चामलको मूल्य अनुगमन तथा नयाँ मूल्य तोक्दै आएको छ।
















## इम्बोस्ड नम्बर अनिवार्य

काठमाडौं (संवाददाता) – सवारीसाधनमा २०८२ असोज १ गतेदेखि इम्बोस्ड नम्बर अनिवार्य जडान गर्नुपर्ने भएको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालको अध्यक्षतामा प्रदेशका मन्त्री र सचिवहरू सहभागी विषयगत समितिको बैठकले यस्तो निर्णय गरेको हो। बैठकले सबै प्रदेश सरकार मातहतका यातायात व्यवस्था कार्यालयबाट सवारी दर्ता, नामसारी र नवीकरण गर्दा अनिवार्य इम्बोस्ड नम्बर प्लेट जडान गराउने निर्णय गरेको हो।

इम्बोस्ड नम्बर प्लेट जडानका लागि प्राविधिक सहयोग विभागले उपलब्ध गराउने र ट्राफिक प्रहरीसमेत परिचालन गरी नियमन गरिने निर्णय पनि बैठकले गरेको छ। इम्बोस्ड नम्बर प्लेटमा राखिएको विद्युतीय चिपमा सवारीसाधन तथा सवारीको सम्पूर्ण विवरण राखिएको हुन्छ।

सरकारले छपाइ गर्न बाँकी रहेका सवारी चालक अनुमतिपत्र छपाइका लागि सुरक्षण मुद्राण केन्द्रलाई अनुरोध गर्ने निर्णय पनि बैठकले गरेको छ।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

रवि सिंह
अध्यक्ष
नेपाल निर्माण व्यवसायी महासंघ तथा परिवार
अनामनगर, काठमाडौं

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

RESPONSIBLE BUSINESS ALLIANCE NEPAL

## 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२५' आजदेखि



news24
**काठमाडौं, साउन २०**

नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चर्स एसोसिएसन (नाइमा) ले आयोजना गरेको 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२५' आज (बुधबार) देखि सुरु हुँदैछ। एक्स्पो काठमाडौंको भृकुटीमण्डपमा साउन २५ गतेसम्म सञ्चालन हुनेछ। एक्स्पोको उद्घाटन उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गर्नेछन्।

नाइमाकी अध्यक्ष रितु सिंह बैद्यले एक्स्पोमा ३५ वटा सवारी साधनका नयाँ मोडल सार्वजनिक गरिने जानकारी दिइन्। विद्युतीय सवारी साधनदेखि नयाँ मोडलका सवारी साधनहरू प्रदर्शनमा राखिने छन्। एक्स्पोमा १५ वटा दुई पाङ्ग्रे, १५ वटा चार पाङ्ग्रे र पाँच वटा कर्मसियल गाडीहरू सार्वजनिक गरिने छ।

मोबिलिटी एक्स्पो २०२५ नेपालकै सबैभन्दा ठूलो र महत्वपूर्ण अटोमोबाइल प्रदर्शनी बन्ने आयोजकको दाबी छ। प्रदर्शनीको पाँचौ दिन विभिन्न राष्ट्रिय तथा अन्तर िष्ट्रिय विज्ञहरूको सहभागिता रहने अध्यक्ष बैद्यले बताइन्। एभरेष्ट बैंक र नेशनल इन्स्योरेन्स मुख्य प्रायोजक रहेको एक्स्पोमा टिकेटिङ पार्टनर खल्ती बाइ आइएमई, वेभरेज पार्टनर माउण्टेन ड्यू, बृविङ पार्टनर हिमालयन जाभा, राइड पार्टनर पठाओ, सर्वेलेन्स पार्टनर एचआइके भिजन, कनेक्टिभिटी पार्टनर वर्ल्डलिंक, हस्पिट्यालिटी पार्टनर सोल्टी होटल, मेडिकल पार्टनर फ्रन्टलाइन हस्पिटल, टेलिकम पार्टनर एन्सेल, र म्यानेज्मेन्ट पार्टनर मिडिया स्पेस सोलुसन छन्।

एक्सपो अवधिभर पठाओले भृकुटीमण्डप गन्तव्य भएका राइडहरूमा ३० प्रतिशतसम्म छुट दिएको छ। यस्तै, फ्रन्टलाइन हस्पिटलले एक्स्पो स्थलमा २४ घन्टा एम्बुलेन्स सेवा र आकस्मिक तथा सामान्य चिकित्सा सेवा प्रदान गर्ने भएको छ। यसैगरी, एक्स्पोसँग सम्बन्धित भिडियो सामाजिक सञ्जालमा पोष्ट गरेर अधिक भ्युज पाउने 'क्रिएटर'लाई एक लाख रुपैयाँसम्मको पुरस्कार हुनेछ। सामाजिक सञ्जालमा साउन २१ गतेदेखि २५ गतेसम्म पोष्ट भएको अधिक भ्यूज पाउने पहिलो भिडियोलो सो पुरस्कार पाउनेछ। यस्तै, प्रतिस्पर्धामा सहभागी १० उत्कृष्ट भिडियोलाई पनि १०/१० हजार रुपैयाँ नगद पुरस्कार दिइने आयोजकले जनाएको छ।

एक्स्पोमा ५० भन्दा बढी ब्राण्डहरू सहभागी हुँदैछन्। एक्स्पोको टिकट खल्ती बाइ तथा आइएमईमा उपलब्ध रहेको आयोजकले जनाएको छ। नाइमा नेपाल मोबिलिटी एक्स्पोमा बिक्री भएका टिकटहरुको पाँच प्रतिशत रकम शिक्षा मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को सहकार्यमा विद्यार्थीहरूलाई मोबिलिटी क्षेत्रका विषयमा छात्रवृत्ति तथा फेलोशिपहरू प्रदान गर्नेछ।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

Continental
Authorized distributor of
Otis
ELEVATORS & ESCALATORS

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

ALL NEPAL
All Nepal Sales & Service Pvt. Ltd.
Baluwatar-4, Kathmadu, Nepal, Tel: 4515256,
www.allnepalsales.com, Web: info@allnepalsales.com

# 'नाडा अटो शो' भदौ ३ देखि युनिट्री रोबट्स र उड्ने कार मुख्य आकर्षण




news24
काठमाडौं, साउन २०

'नाडा अटो शो २०२५' आगामी भदौ महिनामा हुने भएको छ। आयोजक नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा)का अनुसार 'नाडा अटो शो' भदौ ३ देखि ८ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा हुनेछ। नाडाले पत्रकार सम्मेलन गरी यो वर्षको 'नाडा अटो शो' को उद्घाटन उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गर्ने जानकारी दिएको छ।

'गो फर मोर' नारा दिइएको 'नाडा अटो शो'मा युनिट्री रोबट्स (स्वचालन र बुद्धिमत्ताको नयाँ युगको प्रतीक (चार पांग्रे रोबर्ट) र डिपल इभिटिओल युभिए -भविष्यको शहरी हवाई मोबिलिटी-उड्ने कार) मुख्य आकर्षण रहने नाडाका अध्यक्ष करण चौधरीले जानकारी दिएका छन्। उनले 'नाडा अटो शो' प्रदर्शनी मात्र नभई अटो मोबाइल व्यवसायीको चाड भएको पनि बताए। 'नेपालमा नाडा भनेकै प्रदर्शनी र चाडजस्तो भएको छ,' उनले भने, 'यो वर्षको नाटा अटो शो पनि दूरदर्शी सोच आत्मसात् गर्ने पर्व हुनेछ।'

आयोजना हुने नाडा अटो शोमा नवीनतम प्रविधि, दिगोपना र मोबिलिटीलाई अधिकतम प्राथमिकतामा राखिने चौधरीको भनाइ छ। उनले देशभित्र भएको तीव्र विद्युतीकरणले नेपाललाई छोटो समयमा विद्युतीय सवारी साधनमा फड्को मार्न ठूलो योगदान पुगेको बताउँदै उनले यो वर्षको नाडा अटो शोलाई पूर्णरूपमा प्रविधियुक्त बनाइने बताए।

मुख्य प्रायोजक एमएडब्ल्यू वृद्धिका प्रतिनिधि विवेक सिंघानियाले यो वर्षको नाडा अटो शोमा भविष्यमा उपयोगमा आउने प्रविधिलाई प्राथमिकतामा राखेर प्रदर्शनीमा राखिने बताए। उनले एमएडब्ल्यू वृद्धिले आगामी दिनमा रोबोटिक भिजनको विकास गर्दै जाने प्रतिबद्धता जनाए।

सह-प्रयोजक शिखर इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत दीपप्रकाश पाण्डेले अहिले ४० प्रतिशत बिमा अटोमोबाइल क्षेत्रले लिएको बताए। भविष्यका दिनमा प्रविधिको विकाससँगै बिमाको महत्त्व बढ्दै जाने बताउँदै उनले विद्युतीय सवारीको उपयोगका क्रममा आउने समस्या न्यूनीकरण गर्ने नीतिगत व्यवस्थाका लागि पहल गर्नुपर्ने बताए।

**१९ चार पांग्रे र १३ हलुका सवारी साधन लन्च गरिने**

'नाडा अटो शो'मा १९ वटा चार पांग्रे, १३ वटा हलुका व्यावसायिक र चार वटा दुई पांग्रे सवारी साधनका ब्रान्डहरू लन्च गरिने भएको छ। साथै, सवारी-साधनमा लाग्ने ल्युब्रिकेन्ट, टायर, ब्याट्री, ग्यारेज उपकरण र वित्तीय संस्था गरी ३५ कम्पनीहरूका स्टलहरू 'नाडा अटो शो'मा राखिने नाडाले जनाएको छ। आयोजकका अनुसार 'नाडा अटो शो'मा १२५ भन्दा बढी स्टलहरू राखिने छन्। यस्तै, एक्सपोमा १ लाखभन्दा बढीले अवलोकन गर्ने आयोजकको अनुमान छ।

कार्यक्रमको टाइटल प्रायोजक युनिट्री एमएडब्ल्यू वृद्धि छ। सहप्रयोजक शिखर इन्स्योरेन्स छ। सहयोगीहरूमा 'क्याम्पा कोला' तथा मोबिलिटी पार्टनर यांगो छ। एक्सक्लुसिभ टिकटिङ पार्टनर खल्ती बाई आईएमई छ। भाद्र २ गतेसम्म अग्रिम टिकटमा २० क्यासब्याक पाइने खल्ती बाई आईएमईकी प्रतिनिधि पूजा धामीले जानकारी दिइन्। यस्तै, नाडा अटो शोमा नेपाल ल्युब तेलले १२ भाग्यशाली विजेताहरूलाई एक वर्षका लागि निःशुल्क ल्युब्रिकेन्ट सेवा दिने भएको छ।

# सेयरबजारमा फेरि गिरावट

news24
काठमाडौं, साउन २०

तीन कारोबार दिनमा १३४ अंकले घटेको सेयरबाजर सोमबार १६ अंकले बढेको थियो। तर मंगलबार फेरि बजारमा गिरावट देखिएको छ। कारोबार मापक नेप्से परिसूचक ४१.३५ अंकले घटेर २८३४ विन्दुमा झरेको छ।

राष्ट्र बैंकले लचिलो मौद्रिक नीति सार्वजनिक गरेपछि अधिकांश कम्पनीको सेयरमूल्यमा वृद्धि भएको थियो। छोटो समयमा नाफा कमाएका लगानीकर्ताले सेयरको बिक्री बढाउँदा पछिल्लो पाँच कारोबारदिनयता नेप्सेमा दबाब देखिएको छ। त्यसैको निरन्तरता मंगलबार पनि देखिएको हो। कारोबार रकम पनि घट्दै गएको छ। मंगलबार नौ अर्ब ३३ करोड ३९ लाख रुपैयाँ बराबरको दुई करोड २२ लाख सात हजार एक सय २२ कित्ता सेयर किनबेच भएको छ ।

कारोबार भएका २५० कम्पनीमध्ये २०४ वटाको सेयरमूल्यमा गिरावट आउँदा बजार दबाबमा परेको हो। यद्यपी ४६ वटा कम्पनीका सेयरधनीले यसदिन पनि कमाएका छन्। लघुवित्त र म्युच्युअल फण्ड समूह बढेका छन्। सबैभन्दा धेरै अन्य समूह २.८३ प्रतिशत घटेको छ। त्यसपछि विकास बैंक समूह २.५५ प्रतिशत घटेको छ।

समाज लघुवित्त वित्तीय संस्था र उन्नती सहकार्य लघुवि वित्तीय संस्थाको सेयरकारोबार सकारात्मक सर्किट लेबलमा भएको छ। थ्रिस्टार हाइड्रोपावरको सेयरमूल्य १० प्रतिशत घटेर नकारात्मक सर्किट लागेको छ। हिमायलन रिइन्स्योरेन्सको सेयर कारोबार सर्वाधिक ३९ करोड २८ लाख रुपैयाँको भएको छ। लगानीकर्ताको सम्पत्ति एक दिनमै ६९ अर्ब रुपैयाँ घटेको छ। बजार पुँजीकरण ४७ खर्ब ३० अर्ब रुपैयाँ कायम भएको छ। साधारण सेयरतर्फको बजार पुँजीकरण पनि २२ अर्ब रुपैयाँ घटेर १६ खर्ब सात अर्ब रुपैयाँ कायम भएको छ।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका न्युज 24 दैनिक प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

Mr. Dipak, Mr. Pemba
PALIV INTERNATIOAL PVT. LTD.

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका news24 दैनिक प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

गणेश कार्की
अध्यक्ष
स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)
कमलादी, काठमाडौं

## एनआइसी एशियाका ग्राहकलाई फ्रन्टलाइनमा छुट

**काठमाडौं (संवाददाता)** – एनआइसी एशिया बैंकका ग्राहकले फ्रन्टलाइन हस्पिटलमा १० प्रतिशत छुट पाउने भएका छन्। बुधबार बैंक र हस्पिटलबीच छुटसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको बैंकले जनाएको छ। सम्झौता पत्रमा बैंकका डिजिटल पेमेन्ट इकोसिस्टम प्रमुख विमल लम्साल र फन्टलाइन हस्पिटलका क्लिनिकल प्रेसिडेन्ट डा. योगेश न्यौपानेले हस्ताक्षर गरेका छन्।

सम्झौतापछि सेवाग्राहीले काठमाडौंको पुरानो बानेश्वरमा रहेको फ्रन्टलाइन हस्पिटलमा बैंकको कुनै पनि डिजिटल माध्यमबाट भुक्तानी गर्दा १० प्रतिशत छुट पाउनेछन्। छुट पाउन सेवाग्राहीले एनआईसी एशिया बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड र मोबाइल बैंकिङ एपमार्फत भुक्तानी गर्नपर्नेछ।

फ्रन्टलाइन हस्पिटलसँगको यस सहकार्यले बैंकका ग्राहकलाई स्वास्थ्य उपचारमा सहयोग पुग्नुको साथै मुलुकको डिजिटल भुक्तानी सेवा प्रवर्द्धन गरी नगदरहित कारोबार बढाउन सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

## प्रहरीलाई एनएमबी बैंकको सहयोग

**काठमाडौं (संवाददाता)** – एनएमबी बैंक लिमिटेडले नेपाल प्रहरीलाई उद्दार सामग्री हस्तान्तरण गरेको छ। बैंकले आफ्नो सामाजिक उत्तरदायित्व (सीआरएस) अन्तर्गत उद्दार सामग्री हस्तान्तरण गरेको हो। बैंकले १६ फिटको सेल्फ-बेलिङ राफ्ट, लाइफ ज्याकेट लगायत विपदमा प्रयोग गरिने उद्दार सामग्री उपलब्ध गराएको हो। बैंकले मंगलबार काठमाडौंको रानीपोखरी स्थित काठमाडौं उपत्यका प्रहरी कार्यालयमा सो सामग्री उपलब्ध गराएको हो।

बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द घिमिरेले नेपाल प्रहरीका प्रतिनिधि प्रहरी अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङलाई औपचारिक रूपमा उद्दार सामग्री हस्तान्तरण गरेका हुन्। मनसुनको समयमा बाढी, डुबान तथा अन्य जलजन्य विपद् तथा आकस्मिक घटनाहरूको सम्भावना उच्च हुने भएकाले, यस किसिमको सहयोगले प्रहरीको कार्यक्षमतामा सहयोग पुग्ने अपेक्षा बैंकले राखेको छ।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका news24 दैनिक प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

KTM Together we are

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका news24 दैनिक प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

GIPL QUALITY ASSURED
Gandaki Imports Pvt. Ltd.
**Head Office:** Greenland Chowk, Dhapasai, Ktm
Tel: 977-1-4956069, 4955821
**Brand Office:** Kalika Chowk, Lekhnath, Pokhara,
Tel: 061-411888



# अभिनय फलामको चिउरा

मिस पबी सामाजिक सञ्जालमा निकै चर्चित नाम हो। उनी यति लोकप्रिय छिन् कि उनलाई सिनेमाले पनि पछ्याउन थालेको छ। यसको पछिल्लो उदाहरण 'माग्ने राजा' बन्न पुगेको छ। 'माग्ने राजा'मा मिस पबी पत्रकार बनेकी छन्। समसामयिक मुद्दामा आफ्ना धारणा राखेर सामाजिक सञ्जालमा चर्चामा आइरहने मिस पबी भने अहिले अर्कै कारणले चर्चामा रहेकी छन्।

उनले यसबीचमा सिकेका कुरा चाहिँ, टिकटकमा कुरा गर्नु, अभिनय गरेजस्तो गर्नु र साँच्चिकै अभिनय गर्नुमा धेरै फरक हुने रहेछ। फिल्मको सुटिङका बेला उनले संवाद बिर्सेर यति हैरान हुन्थ्यो कि निर्माण समूहले झण्डै-झण्डै फिल्मबाट निकाल्नेबारे सोचेको थियो।

फिल्मका निर्देशक ऋषि लामिछाने भन्छन्, 'बजारमा हल्ला भएजस्तो होइन तर संवाद याद गर्न उहाँलाई कठिन चाहिँ भएको हो।'

उनको कठिनाइलाई विचार गर्दै फिल्ममा उनको भूमिका घटाइएको हो कि भन्ने प्रश्नमा फिल्मका लेखक सामीप्य तिमल्सेना भन्छन्, 'भूमिका घटाइएको छैन। बाहिर त फिल्मबाट उनलाई निकालिएको समेत चर्चा गरिरहेका छन्। बजार हल्ला भएजस्तो चाहिँ होइन।'

त्यसो त, नेपाली फिल्मको क्रेज सबैभन्दा बढी पश्चिम क्षेत्रमा देखिन्छ। यस्तो बेलामा फिल्म उद्योगले सुदूरका कलाकारलाई ठाउँ दिनु प्रशंसनीय कुरा हो। फिल्ममा पहिला दलित, जनजातिका कथा देख्न पाइँदैनथ्यो। अहिले पर्दामा देख्न थालिएको छ। सुदूर पश्चिमका कथा र कलाकारहरुले बिरलै ठाउँ पाउँथे। अहिले जनजाति, भूगोलजस्ता कुराको प्रतिनिधित्वमा नेपाली फिल्म उद्योगले चासो राख्न थालेको छ।

मिस पबीको फिल्म यात्रामा उनको लोकप्रियताको भूमिका एक ठाउँमा होला, तर भूगोलको प्रतिनिधित्व हुनुपर्छ भनेर राखिएको फिल्मका निर्देशक लामिछानेले बताए।

# सोचेजस्तो भएन कमब्याक





नायक प्रदीप खड्का र राज बल्लभद्वारा अभिनित फिल्म 'एक्टर' अमेरिकामा प्रदर्शनरत छ। स्रोतका अनुसार, फिल्मका बारेमा उति धेरै उत्साह त्यहाँ देखिएन।

फिल्मले अपेक्षाकृत व्यापार गर्न नसके पनि २०८२ साल भने अभिनेता राज बल्लभका लागि फलदायी रह्यो। एक त उनी अभिनित फिल्म प्रदर्शनका बेला उनी नेपाल आए र पुरानो परिचय ब्यूँताउने अवसर पाए। दोस्रो चाहिँ, उनीद्वारा सृजित कविता सङ्ग्रह 'औरा' सार्वजनिक गरे।

'कमब्याकप्रति म ज्यादै उत्साही थिएँ,' राजले संवाददातासँग भने, 'दर्शकसँग जोडिने लोभका कारण धेरै वर्षपछि म नेपाल गएको थिएँ।' जुनबेला फिल्म 'एक्टर'को चर्चा थियो, प्रदर्शन हुनै लाग्दा मुद्दा लाग्यो। 'त्यो मुद्दाले फिल्म प्रदर्शनलाई अप्ठ्यारो पार्‍यो र बक्स अफिसमा असर पर्‍यो,' उनले भने, 'निर्माताको पैसा उठेन भने मलाई सधैं खल्लो लाग्छ।'

बक्स अफिसमा राम्रो प्रदर्शन नगरे पनि नेपाल आएर नयाँ पुस्तासँग जोडिने र अन्तरक्रिया गर्ने लोभ उनलाई थियो। 'मेरो अभिनय र भूमिका रुचाउनेहरू पाएँ, त्यसमा म खुसी थिएँ र सबैभन्दा खुसी चाहिँ मेरो पहिलो कविता सङ्ग्रह बजारमा ल्याएँ,' उनले भने।

उनले छोरीको नाममा कविता सङ्ग्रह 'औरा' ल्याएका थिए। आरामले पढ्ने र मनन गर्ने कविता बनेको भनी आफूले प्रतिक्रिया पाएकामा उनले आफ्नो नेपाल भ्रमणलाई उनले उपलब्धिमूलक मानेका छन्।

# नयाँ अनुहारको विस्फोटक बजार



यतिबेला बलिउडमा 'सैयारा' फिल्मले निकै चर्चा बटुलेको छ। फिल्मको कथा सामान्य भए पनि विष्फोटक व्यापारका कारण नयाँ अनुहारका अहान पाण्डे र अनीत पड्डाको करियर उकालो लाग्ने सम्भावना बढेको छ।

सन् २००४ मा बजारमा आएको कोरियाली फिल्म 'अ मोमेन्ट टू रिमेम्बर' बाट प्रेरित भनिएको यो फिल्मले अहिलेसम्म ३६२ करोड भारु कमाइसकेकोछ। उता संसारभरको व्यापार जोड्दा यसको कमाई लगभग पाँच सय करोड नै पुग्ने देखिएको छ।

अझ आउँदो सप्ताहान्तमा यसले यही गतिमा व्यापार जारी राखे, फिल्मको कमाई ५५० करोडतर्फ लम्किनेसमेत संकेत देखिएको छ। जम्मा ४० करोड बजेटको यो फिल्मको वियोगान्त अन्त्यका कारण दर्शकहरु सिनेमा हलमा रोइरहेको भनी निकै चर्चा भइरहेको छ।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
न्युज 24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा
पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण
सफलताको हार्दिक बधाई तथा
शुभकामना व्यक्त गर्दछौं ।

Raju Tamang
RTFC MALAYIA

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
न्युज 24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा
पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण
सफलताको हार्दिक बधाई तथा
शुभकामना व्यक्त गर्दछौं ।

दयाराम कुमाल
अध्यक्ष
प्रवासी नेपाली मञ्च मलेसिया

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
न्युज 24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा
पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण
सफलताको हार्दिक बधाई तथा
शुभकामना व्यक्त गर्दछौं ।

योगेन्द्र कुँवर
डाइरेक्टर
YK मेनपावर प्राइभेट लिमिटेड

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
न्युज 24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा
पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण
सफलताको हार्दिक बधाई तथा
शुभकामना व्यक्त गर्दछौं ।

विनोद थापा
अध्यक्ष
एन.आर.एन.ए. मलेशिया

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
न्युज 24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा
पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण
सफलताको हार्दिक बधाई तथा
शुभकामना व्यक्त गर्दछौं ।

Santi Overseas Pvt. Ltd.




नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादक : तीर्थ कोइराला